# बाँसगढी नगरपालिकाको आ.व. २०८१/०८२

# को नीति तथा कार्यक्रम

## बाँसगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## बाँसगढी, बर्दिया

# <u>बाँसगढी नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम</u>

**बाँसगढी नगरपालिकाका नगरसभा सदस्यज्यूहरु** बाँसगढी नगरपालिकाको नगर सभाको पन्ध्रौं अधिबेशनमा हार्दिक स्वागत गर्दछु ।

- बाँसगढी नगरपालिकाको नगर प्रमुखको हैसियतले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ ।
- यस अवसरमा गणतान्त्रिक नेपालको निर्माण, पुनर्निर्माण, गौरव, एकता र अखण्डताको लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनयुद्ध र क्रान्तिहरुमा आफ्नो जीवन अर्पण गर्नुहुने महान सहिदहरु प्रति हार्दिक श्रद्धान्जलि व्यक्त गर्दै घाईते, बेपत्ता र तिनका परिवार तथा आन्दोलनका अग्रजहरुलाई स्मरण गर्न चाहन्छु ।
- सार्वभौम जनताको प्रतिनिधि भई यस नगरपालिकालाई **"सुन्दर हरियाली र सफा सहर, समृद्ध र समुन्नत बाँसगढी नगर"** बनाउन स्थानीय सरकार दृढ छ । सुशासन, विकास, समृद्धि र सामाजिक न्याय हासिल गर्ने राष्ट्रिय संकल्पलाई हृदयंगम गरी नगरवासीका भावना तथा आवश्यकतालाई प्राथामिकताको आधारमा पूरा गर्दै अगाडी बढ्ने संकल्प समेत गर्दछु ।
- सुन्दर, समृद्ध र सबल नगरीका रुपमा बाँसगढीलाई नेपालसँगै विश्वमाझ परिचित बनाउन सचेत र संस्कारयुक्त बाँसगढीबासीको प्रतिनिधिका रुपमा रही बाँसगढी नगरपालिका जनताका समस्याहरुको समयमै पहिचान गरी सम्बोधन गर्ने एवम् भौतिक र आर्थिक समृद्धिको जनआकांक्षा पूरा गर्न हरेक दिन प्रयासरत रहेको र आगामी दिनमा समेत नगरबासीको आवश्यकतालाई शिरोपर गर्दै लोकतन्त्र, सुशासन, जनउत्तरदायी सरकारको रुपमा आभाष दिलाउने प्रतिबद्धता व्यक्त गर्दछु ।

**सभा सदस्यज्यूहरु,**
अब म बाँसगढी नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## (क) <u>कृषि विकास सम्बन्धी नीति</u>

१. **"खाऊ आफ्नै बारीको, नखाऊ सिमा पारीको"** भन्ने सोच सबै नगरबासीमा विकास गरी स्थानिय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न **एक घर एक करेसाबारी** कार्यक्रम सञ्चालन

गरिनेछ । बाली विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ। नगरपालिकाका सम्पूर्ण वडाहरुमा तरकारी बाली पकेट स्थापना र कृषकहरुमा नयाँ प्रविधी हस्तान्तरण गर्ने उद्देश्य तथा कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा पहिचान गर्न कृषिमा आवद्ध भएका कृषकहरुलाई विभिन्न विषयगत तालिम,गोष्ठी, अभिमुखिकरण र विभिन्न क्षमता विकासका कार्यक्रमहरुलाई प्राथमिकता दिई सञ्चालन गरिनेछ र व्यवसायिक बाली छनोट गरी उत्पादन वृद्धि गरिनेछ।

२. **"फोहोरमैला र झारपातको प्रयोग, जैविक मलमा सदुपयोग"** : जैविक मल उत्पादन कारखाना निर्माण गरी संचालनमा ल्याइनेछ । प्राङ्गागारिक मल तथा जैविक खेती प्रद्धतिलाई अवलम्बन गरी अर्गानिक कार्य सञ्चालन गरिनेछ । समय समयमा वडामा घुम्ती माटो परिक्षण शिविर सञ्चालन गरिनेछ ।साथै कृषकले कृषि उत्पादन गर्ने कार्यलाई प्रोत्साहन साथै माटोको गुणस्तरमा सुधारका लागि नगरपालिकामै माटो परिक्षण मिनि ल्यावद्धारा नगरपालिका भित्रका कृषकहरुको निःशुल्क माटो परिक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३. **"उत्पादन साथमा, अनुदान हातमा"** भन्ने नीति अनुसार कृषकहरुले उत्पादन गरेको कृषिजन्य बस्तुको आधारमा अनुदानका कार्यक्रम सञ्चालन गरिने र विपन्न वर्ग, न्यून वर्गिय मुक्त कमैया, विपन्न दलित, मुक्त कमलरी, द्वन्द्वपिडित तथा पिछडीएका व्यक्तिहरुलाई खाद्यान्न तथा तरकारी बीउबिजनमा अनुदान प्रदान गरी व्यवसायिक उत्पादनमा सहभागी गराई स्वरोजगार बनाईनुका साथै उत्पादनमा आधारीत अनुदान कार्यक्रम सञ्चालन गरी व्यवसायिक रुपमा खेती गर्ने उत्कृष्ट कृषक तथा कृषक समूहहरुलाई सम्मान कार्यक्रम सञ्चालन गरिने नीति अबलम्बन गरिनेछ ।

४. कृषि बालिमा हुने रोगकिरा नियन्त्रणका लागि बाली संरक्षणका विभिन्न कार्यक्रमहरु तथा वडाहरुमा घुम्ती शिविरहरु सञ्चालन गरिने र नगरपालिका भित्रका मल ,विषादीको कारोबार गर्ने एग्रोभेट, एग्रो सेन्टर, कृषि फर्म,भेट सेन्टरहरुलाई सूचिकृत गरी नियमित अनुगमन तथा निरिक्षण गरिनेछ ।

५. उत्पादन गरेको कृषिजन्य वस्तु आलु, प्याजको शितभण्डारणमा अनुदानको व्यवस्था र कृषिजन्य उत्पादनको बजारीकरणको लागि स्थानीय कृषि हाटबजार सञ्चालनमा ल्याइनेछ । स्थानीय उत्पादनलाई ठूला शहरसम्म पुर्याउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

६. **"बाँझो छोडी गाँउको खेतबारी ,नजाउ विदेश खोज्न रोजगारी"** भन्ने भावनाको विकास गरी खेतीयोग्य जमिन बाँझो रहन नदिने नीति लिइनेछ भने क्रमश सबै खेतीयोग्य जमिनमा सिचाई सुविधा पुर्याइनेछ ।

**(ख) पशुपंक्षी स्वास्थ्य तथा पशुपंक्षी विकास सम्बन्धी नीति**

७. पशुपंक्षी विमा कार्यक्रमलाई निरन्तरता दिदै यस नगरपालिका कृषकहरुले पालेका सम्पुर्ण पशुपन्छी तथा माछाको सुरक्षण गरि पशु धन जोखिम मुक्त पालिका बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

८. बाँसगढी नगरपालिकाका सम्पुर्ण घरपालुवा पशुपंक्षीमा खोपको सुनिस्चितता, विरामि पशुको समयमै उपचार गरि कृषकको आर्थिक क्षतिलाई न्युनिकरण गरि पशु उत्पादन घट्न नदिने व्यवस्था मिलाइनेछ ।

९. विपन्न वर्गका कृषकहरुको आयस्तर वृद्धि गर्न जीवनस्तरमा सहयोगी हुने थोरै क्षेत्रफल तथा न्युन लगानिमा पाल्न सकिने पाडी, बाख्रा तथा बंगुरको पाठापाठी लागत साझेदारीमा उपलब्ध गराईने नीति लिइनेछ ।

१०. उत्पादनमा वृद्धि गर्न कृषकहरुलाई प्रोत्साहन गर्न **"उत्पादन साथमा, अनुदान हातमा"** भन्ने सोचका साथ उत्पादनमा व्यवसायिक पशुपंक्षी तथा माछा पालन गर्ने कृषकहरुका लागि उत्पादनमा आधारित कार्यक्रममा अनुदानको व्यवस्था गरिनेछ । सुत्केरी गाई/भैसीलाई पोषण भत्ता उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

११. कृषकहरुले उत्पादन गरेका उत्पादनको उत्पादकत्व लागत घटाउन परम्परागत पशु पालन पद्धतिलाई रुपान्तरण गरि आधुनिक व्यवसायिक पशुपन्छी पालनका निमित्त आवस्यक भौतिक पुर्वाधार निर्माण, मेसिनरी औजार उपकरण प्रयोग, साईलेज, हे तथा बाह्रै महिना हरियो घाँस उत्पादन गरि प्रतिइकाई उत्पादन लागत घटाई प्रतिस्पर्धी तथा मुनाफा बढाउने प्रविधिका कार्यक्रम संचालन गरिने छ ।

१२. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा गाई भैसी जोन र बाख्रा स्रोत केन्द्रको विकास गरिनेछ ।

१३. दर्ता भई संचालन भएका पशु व्यवसायिक फर्महरुका निम्ति विद्युत महसुलमा सहुलियत प्रदान गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

**(ग) सहकारी सम्बन्धी नीति**

१४. सहकारी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागि नियमित अनुगमन, सहकारी सम्बन्धी विभिन्न तालिमहरु, सहकारी अवलोकन भ्रमण तथा सहकारी सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५. बाँसगढी नगरपालिकाको स्थानीय आवश्यकतालाई मध्यनजर गरी सहकारी ऐनको मर्म बमोजिम सहकारीहरुलाई आपसमा एकिकरण (मर्जर)का लागि प्रोत्साहन गरिनेछ ।

१६. सहकारी सम्बन्धी तथ्याङ्क अद्यावधिक गरि प्रकाशन गर्न नगर सहकारी वार्षिक पुस्तिका तयार गरिनेछ ।

१७. नगरपालिकाको नियमन क्षेत्राधिकार भित्रका सम्पुर्ण सहकारी संस्थारुलाई सहकारी तथा गरिवी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्धता वृद्धि गर्दै लगिनेछ ।सहकारी व्यवस्थापन सूचना प्रणाली निर्माण गरी सहकारी व्यवस्थापन,लेखांकन र अनुगमनलाई प्रभावकारी वनाइनेछ ।

१८. सहकारी संस्थाहरुसँगको लागत साझेदारीमा रोजगारी सिर्जना र उद्यमशिलताको प्रवर्धनका कार्यक्रम संचालन गरी गरिवी निवारण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

(घ) उद्यमशीलता, उद्योग र व्यापार सम्बन्धी नीति

१९. गरिब महिला, दलित, जनजाति, मुस्लिम, थारु, द्वन्द्वपीडित, मुक्त कमैया/मुक्त कमलरी, सिमान्तकृत पछाडी परेका बर्ग, अपाङ्गता भएका ब्यक्ति र विपन्न परिवारलाई आर्थिक तथा सामाजिक विकासका लागी सिपमुलक तथा आयआर्जनमुलक कार्यक्रम संचालनमा जोड दिईनेछ र समुदायमा उदाहरणीय काम गरी सफल भएका लघु उद्यमीहरुलाई प्रोत्साहनका लागि अनुदान कार्यक्रम संचालन गरिनेछ ।

२०. बैदेशिक रोजगारबाट फर्केका ब्यक्तिहरुको हकमा निजले सिकेको सिप र उद्यम प्रतिको क्षमता एवम् चाहाना बमोजिम व्यक्तिहरुलाई आयआर्जन सम्बन्धि कार्यक्रम तथा व्यवसाय संचालन गरेमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२१. आर्थिक तथा सामाजिक विकासका लागी सिपमुलक तथा आयआर्जनमुलक कार्यक्रमलाई प्रभाबकारी बनाई अगाडी बढाउन लघु उद्यम विकास कार्यक्रम र बाँसगढी नगरपालिकाको सहकार्यमा उपयुक्त प्रबिधि हस्तान्तरणको कार्यक्रमलाई थप व्यवस्थित बनाइनेछ ।

२२. उद्यमशिलता विकास तालिम, प्राबिधिक सिप विकास तालिम र स्तरोन्नति तथा एड्भान्स तालिम सगै बजारिकरण तथा व्यावसायिक परामर्श जस्ता कार्यक्रमहरु निरन्तरता दिइनेछ । स्थानीय समुदायबाट उत्पादन गरिएका सामाग्रीहरुको कोसेली घरमार्फत संकलन तथा खरिद विक्रिको व्यवस्था मिलाईनेछ ।

२३. विभिन्न जाति, धर्म, सम्प्रदाय र समूहको परम्परागत सीपलाई पुस्तान्तरण सँगै उद्यमशीलतामा जोडी आधुनिकीकरण र व्यवसायिकरण गर्दै लगिनेछ ।

२४. नगरपालिकाबाट हालसम्म प्रदान गरिएका विभिन्न सीपमूलक तालिमका लाभग्राहीहरुको तथ्यांक अद्यावधिक गरी सीपयुक्त उद्यमशील व्यक्तिहरुलाई क्रमश व्यवसायमा जोड्दै लगिनेछ ।

**(ङ) पूर्वाधार विकास सम्बन्धी नीति**

२५. **दिगो विकास: सन्तुलित विकास**ः आवधिक योजना निर्माण गरी सोही बमोजिम पूर्वाधार विकास कार्यलाई दिगो र सन्तुलित बनाउने नीति लिईनेछ ।

२६. आयोजना संचालन गर्दा आवश्यकता अनुसार संक्षिप्त वातावरणिय अध्ययन (BES), प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE), वातावरणिय प्रभाव मूल्यांकन (EIA), विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी सोही अनुसार आयोजना संचालन गरिनेछ ।

२७. **सुरक्षित भवन : बलिया संरचना**ः राष्ट्रिय भवन निर्माण आचारसंहिता र भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गरि भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिईनेछ । नयाँ बन्ने भवनहरुको नाक्सा पास प्रक्रियालाई अनिवार्य गरिनेछ ।

२८. **"विकासमा गरौं साझेदारी, निर्माण बन्छ प्रभावकारी"** संघ, प्रदेश तथा अन्य विकास सझेदारहरुसँगको समन्वय र साझेदारीमा ठूला विकास आयोजनाहरु संचालन गरिनेछ । सार्वजनिक पूर्वाधार निर्माण गर्दा विपद् जोखिम संवेदनशिल, अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री वनाईनेछ । सामाजिक - आर्थिक विकास टेवा पुग्ने छिटो प्रतिफल दिने तथा आम नागरिकको जनजिविकालाई सहयोग पुग्ने गरि नगरवासीका वास्तविक आवश्यकताको सम्वोधन हुने गरि वितरणमूखि नभई आवश्यकतामा आधारित भौतिक पूर्वाधार छनोट तथा निर्माणमा जोड दिईनेछ । स-साना तथा टुक्रे आयोजना तथा अनुत्पादक क्षेत्रको लगानी निरुत्साहित गर्ने नीति लिईनेछ । आयोजना मर्मतसम्भार कोषलाई निरन्तरता दिई सदुपयोग गरिनेछ ।

२९. विकास निर्माणका आयोजना संचालन गर्दा बस्तीस्तरमा आउने विवाद, वाधा र द्वन्द्व निराकरणका लागि सम्बन्धित वडाध्यक्षको अध्यक्षतामा **आयोजना सहजिकरण समिति** गठन गरिनेछ । अनुगमन तथा मूल्यांकन प्रणालीलाई थप प्रभावकारी वनाईनेछ । संचालनमा आएका आयोजनाहरुको अद्यावधिक विस्तृत विवरण सवैको जानकारीका लागि पालिकाभित्र सूचना पाटीमार्फत प्रकाशित गरिनेछ ।

३०. **"पूर्वाधारको आधार, विकासका लागि सडक विस्तार"** बाँसगढी नगरपालिका केन्द्र तथा वडा वडा जोड्ने रणनीतिक सडकहरुको स्तरोन्नति र कालोपत्रे गरी सडक पूर्वाधारको गुणस्तरीय र तीव्र विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ । नाली तथा ढलनिकास, कुला नाला तथा झरन सफाई, ह्युमपाईप जडान तथा कल्भर्ट निर्माण, जैविक तटबन्धन तथा बायो इन्जिनियरिङलाई प्राथमिकतासाथ अगाडी बढाइनेछ ।

३१. बबई सिंचाई आयोजनाबाट सिंचित हुन नसकेका क्षेत्रमा सिंचाईको आवश्यक प्रबन्ध गर्ने नीति लिइनेछ । पुर्व - पश्चिम राजमार्ग देखि उत्तर तर्फ सिंचाईको सुविधा नभएका क्षेत्रमा वृहत विद्युतिकरण सहितको भूमिगत सिंचाई आयोजनालाई संघ तथा प्रदेश सरकारको साझेदारीमा संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३२. **एक वडा :एक गौरवको आयोजनाः** प्रत्येक वडामा सुरु गरिएको यस कार्यक्रमलाई निरन्तरता दिने र समग्रमा नगरलाई नै नमूनाका रुपमा विकास गर्ने नीति लिइनेछ ।

**सभा सदस्यज्यूहरु,**

(च) शिक्षासम्बन्धी नीति

३३. आर्थिक वर्ष २०७९।८० देखि **"तपाइको क्षमता हाम्रो लगानी : पढौं पढाऔं गरौ आम्दानी"** भन्ने अभियानका साथ सुरुवात गरिएको पढ्दै कमाउदै कार्यक्रमका रुपमा स्वयम सेवक शिक्षक परिचालन कार्यक्रमलाई विषयगत तथा विधागत रुपमा सम्बन्धित संस्थासँगको समन्वयमा आधुनिक सूचना प्रविधिमैत्री बनाउदै निरन्तरता दिइनेछ । साथै, अक्षर लेखन सुधार कार्यशाला आयोजना गरी विद्यार्थीहरुको लेखन सीप विकास गरिनेछ ।

३४. **"पढ्नलाई आधार, दिन्छ मेरो सरकार" :** विपन्न विद्यार्थी दिवा खाजा तथा सहयोग कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन,अतिरिक्त कक्षाका रुपमा भइरहेको गतिविधि नियमन गरी सिकाइ उपलब्धि न्यून देखिएका अङग्रेजी, गणित र विज्ञान विषयका लागि अतिरिक्त कक्षाको व्यवस्थापन, जीर्ण भौतिक संरचनाको मर्मत तथा आधारभूत तहसम्मको अनिवार्य तथा निशुल्क र क्रमश माध्यमिक तह सम्मको शिक्षा पूर्ण रुपमा निशुल्क संचालन गर्ने नीति लिईनेछ ।

३५. **"शिक्षामा सबैको सहभागिता, शैक्षिक सुधारमा हाम्रो प्रतिवद्धता"** कार्यक्रमका रुपमा वि.व्य.स. अध्यक्ष, प्र.अ. र शिक्षकसँग कार्यसम्पादन करार सम्झौतालाई निरन्तरता दिदै पुरस्कार र दण्डको नीति अवलम्वन गरिनेछ । कार्यरत शिक्षकहरुको क्षमता विकासका लागि आवश्यक तालिम, विषयगत अनुगमन सहजीकरण पुस्तिका सहित नियमित सामुहिक अनुगमन तथा सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वाश बढाउन बालबालिकामा लगानी: बुढेसकालमा आम्दानी अभियानका साथ अभिभावक शिक्षा तथा शैक्षिक सरोकार कार्यक्रम संचालन गरिनेछ ।

३६. बाँसगढी नगरपालिकाको पहिचानका रुपमा रहेको स्थानीय पाठ्यक्रम **मेरो बाँसगढी** परियोजना तथा अनुभव हस्तान्तरणका रुपमा संचालन गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ । साथै स्थानीय पाठ्यक्रमसँग सम्बन्धित थप सन्दर्भ सामग्री निर्माणमा जोड दिइनेछ ।

३७. हरेक विद्यालयमा कम्तीमा एउटा फूलवारी निर्माण,दिवा खाजाको **स्वच्छ खाजा स्वच्छ विद्यार्थी**का रुपमा प्रभावकारी कार्यान्वयन, विद्यालयमै स्वास्थ्यकर्मी अभियानका रुपमा शिक्षक र विद्यार्थीको स्वास्थ्य परीक्षण, पत्रुखाना(जङ्कफुड) तथा सुर्तीजन्य पदार्थ रहित विद्यालय, महिनावारी स्वच्छता, संवेग नियन्त्रण, सेनिटरी प्याडमा सहज पहुँचका लागि भेन्डिङ मेसिन, प्रजनन स्वास्थ्य, मनोसामाजिक परामर्श लगायत किशोर किशोरी लक्षित **स्वच्छ व्यवहार स्वच्छ जीवन** सचेतना कार्यक्रम, विद्यार्थी नेतृत्व युवा क्लव तथा संघसंस्थाको साझेदारीमा संचालन गरिनेछ ।

३८. शैक्षिक सुधारका लागि शैक्षिक अनुभव तथा सीप आदानप्रदान कार्यशाला, शैक्षिक योजना तथा पूर्व तयारी डायरी प्रयोग, आवश्यकताका आधारमा शिक्षक तालिम, वडा शिक्षा समिति मार्फत सामाजिक गतिविधिबाट विद्यालयमा परेको प्रभाव न्यूनीकरण, हरेक विषयको शैक्षिक सामग्री प्रदर्शनी, छिमेकी विद्यालय अवलोकन तथा विषयगत रुपमा पालिकागत स्रोत शिक्षक परिचालन, क्षमतावान उत्कृष्ट विद्यार्थी शैक्षिक क्रियाकलापमा परिचालन, विषयगत तथा कार्यसम्पादन मूल्याङकनका आधारमा दरबन्दी मिलान र साविक गाविसको आधारमा अङग्रेजी र नेपाली माध्यमका नमूना विद्यालय संचालन, आवश्यकता तथा औचित्यताको अध्ययन गरी विद्यालय समायोजन तथा आवाशिय विद्यालय संचालन, बिग विद्यालयको अवधारणा अवलम्बन, विद्यालयमा पालिका कार्यक्रम, नियमित परीक्षा अभ्यास कार्यक्रम संचालन र प्रयोगात्मक कार्यलाई सीपसँग जोड्दै हप्तामा **एकबार एक विद्यार्थी एक सीप कार्यक्रम** लागू गरी गुणस्तरीय र जीवनोपयोगी शिक्षा बनाउने कार्यमा जोड दिइनेछ ।

३९. **पढाऔं, सिकाऔं र बिकाऔं** भन्ने सोचका साथ प्राविधिक शिक्षाको व्यवस्थापन, संस्थागत विद्यालयको नियमन, सामुदायिक क्याम्पसको स्तरोन्नति तथा व्यवस्थापन गरी सामुदायिक विद्यालयको शैक्षिक सुधारमा सामुदायिक क्याम्पससँग साझेदारी र संस्थागत विद्यालयसँग अन्तर सम्बन्ध कायम गरी अनुभव आदानप्रदान कार्यक्रम संचालन गरिनेछ भने सामुदायिक पूस्तकालयलाई हरेक उमेर समूहका मानिसहरुको सिकाई केन्द्रका रुपमा विकास गर्ने नीति लिईनेछ ।

**(छ) युवा तथा खेलकुद विकास सम्बन्धी नीति**

४०. विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापलाई शैक्षिक अङ्गका रुपमा र नगरपालिकाको खेलकुद कार्यलाई व्यवस्थित गर्न स्थापित नगर खेलकुद विकास समितिलाई स्रोतसाधन सम्पन्न बनाउँदै लगिनेछ।

४१. नगरपालिकाभित्र खेलकुद मैदानहरुको निर्माण, निर्मित मैदानहरुको स्तरोन्नति गरिनेछ भने बर्दिया जिल्ला भित्रका पालिकाहरुबिच **अन्तर नगर खेलकुद प्रतियोगिता** संचालन गरिनेछ |

४२. क्रिकेटको बढ्दो लोकप्रियता एवम् नगरबासी खेलकुदप्रेमीहरुको चाहना बमोजिम यसै वर्षदेखि सुरु **बाँसगढी प्रिमियर लिग**लाई बाँसगढी नगर खेलकुद विकास समितिबाट नै आयोजना हुने गरी निरन्तरता दिइनेछ ।

४३. विभिन्न खेलका खेलाडीहरुको सीप, क्षमता र कौशल वृद्धि गर्न खेलाडी विकास कार्यक्रम संचालन गरिनेछ । बाँसगढी नगरपालिकाको टिम बनाई विभिन्न प्रतियोगिताहरुमा सहभागी हुन पठाईनेछ । सम्मान र पुरस्कारका माध्यमबाट खेलाडीलाई प्रोत्साहित गरिनेछ ।

४४. युवा मञ्च / सञ्जाल / क्लब जस्ता युवा लक्षित संघसंस्थाहरुसँगको समन्वयमा युवाहरुको सचेतना, सिप र क्षमता विकास गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

**(ज) स्वास्थ्य सम्बन्धी नीति**

४५. सर्बब्यापी पहुँचको अवधारणा अनुसार नगरवासीलाई निःशुल्क, आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ । नगर अस्पतालको निर्माणाधीन नयाँ भवनको निर्माण सम्पन्न गरी आगामी आर्थिक वर्षमा संचालनमा ल्याइनेछ ।

४६. नगरपालिकाभित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिनेछ।

४७. न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard)तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard)अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।

४८. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवाप्रवाहलाई गुणस्तरीय, जवाफ देही एवं परिणाममूखी बनाईने छ ।

४९. नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादकपदार्थ सेवन, लागू पदार्थ दुर्व्येसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवद्धन गरिने छ । मनोसामाजिक परामर्श कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५०. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रवर्द्धनात्मक,उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्याउने रणनीति अबलम्बन गरिनेछ ।

५१. नगरपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दि निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।

५२. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सामाजिक सुरक्षामा आवद्ध गर्ने कार्यलाई निरन्तरता दिइनेछ भने उमेर पुगी सेवा निवृत्त हुने महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन सहित सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५३. नगरपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

५४. स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधि मैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रवर्द्धन गरिनेछ ।

५५. स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको ब्यवस्थापन गरिनेछ ।

५६. नगरबासीको .स्वास्थ्य बीमा सुनिश्चितगरि लक्षित बर्गको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ ।

५७. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण तथा समुदायको उच्चतम स्वास्थ्य प्रवर्द्धन गर्नका लागि पुर्ण स्वस्थकर कार्य संचालन निर्देशिका २०७९ लाई समुदायका टोल तथा वस्तिहरुमा कार्यान्वियनमा ल्याइनेछ ।

५८. सरकारी तथा निजीक्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था गरिने छ ।

५९. वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र ब्यवस्थापन गरी नगरवासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्नका लागि अन्तर शाखा समन्वय गरि कार्यक्रम अगाडि बढाईने छ ।

६०. स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न नगरपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।

६१. नगरबासीहरुको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्य प्रवर्द्धक, पौष्टिककर स्थानिय स्तरमा उत्पादन हुने (रैथाने)खाद्यपदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिने छ ।

६२. विभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं सिकल सेल एनेमिया, थालासेमिया, जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।

६३. आगामी आर्थिक वर्षमा नगरस्तरीय ट्रमा सेन्टर स्थापनाको कार्य अगाडी बढाइनेछ । सवारी दुर्घटनामा परी आपतकालीन अवस्थामा पुर्याउनुपर्ने पहिलो अस्पतालसम्म एम्बुलेन्सको प्रयोगलाई निशुल्क बनाइनेछ ।

६४. भूगोल, जनसंख्या र स्वास्थ्य सेवा उपलब्धताको आधारमा आवश्यक स्थानहरुमा शहरी स्वास्थ्य केन्द्रको विस्तार गरिनेछ ।

६५. आकस्मिक सेवा तथा प्रेषण सेवालाई चुस्त दुरुस्त बनाउन आबस्यक कदम चालिनेछ ।

**(झ) महिला, बालबालिका तथा समाज कल्याणसम्बन्धी नीति**

६६. महिलाहरुको आर्थिक तथा सामाजिक विकासका लागी उद्यमशिलतामा आधारित सिप विकास तालिम तथा आयआर्जनमूलक कार्यक्रम संचालन गरि समुदायमा वित्तिय पहुँच वृद्धि र उत्पादित बस्तुको बजारीकरणमा सहयोग गरी महिला सशक्तिरण गरिनेछ ।

६७. अपाङ्गता भएका व्यक्तिहरुका लागी आवश्यक सहायक सामाग्री निशुल्क वितरण गरिनेछ । साथै सिप विकास तालिम, आयआर्जन, नेतृत्व विकास कार्यक्रम संचालन गरिनेछ ।

६८. लक्षित वर्गको तथ्याकं संकलन अद्यावधिक गर्ने र लैङ्गिक हिंसा निवारण कोष, बालसंरक्षण कोष स्थापना गरि हिंसापिडित महिला र बालबालिकालाई राहत उपलब्ध गराउने नीति लिईनेछ ।

६९. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि विषेश कार्यक्रम संचालन गरिनेछ । अभिभावकको मृत्यु भई वा अन्य कारणले असहाय भएका वा सडकमा वेवारिसे अवस्थामा रहेका बालबालिकाको उद्धार तथा संरक्षण गरिनेछ भने यस्ता बालबलिकाको लागी बालगृह स्थापना गरी पठन पाठनको व्यवस्था गरिनेछ । बालाबालिका सम्बन्धि मुद्धालाई सम्बोधन गर्नका लागी नगरपालिकामा समाजसेवी र

बालमनोविज्ञ सुचीकृत गरी सेवा प्रवाह गरिनेछ । **एक छोरी एक बैंङ्क खाता कार्यक्रम**लाई निरन्तरता दिने नीति लिईनेछ ।

७०. विभिन्न कार्यक्रमको माध्यमबाट लागुऔषध दुर्व्यशन विरुद्ध, पूर्ण स्वस्थकर व्यवहार, हिंसा न्युनीकरण र सामाजिक कुरुती विरुद्ध जनचेतना, जातिय छुवाछुत लगायत विभेद न्युनीकरणमा जोड दिई सामाजिक जागरण सम्बन्धी सचेतनामुलक अभियान संचालन गरिनेछ ।

७१. बालमैत्री र बालविवाहमुक्त स्थानीय तह निर्माणका लागी आवश्यक कार्यक्रम संचालन गरि **बालमैत्री नगरपालिका** र **बालविवाहमुक्त नगरपालिका** घोषणा गर्ने नीति लिईनेछ ।

७२. जेष्ठ नागरिकमा रहेको ज्ञान सिप र अनुभव हस्तान्तरण गर्न जेष्ठ नागरिक मिलन केन्द्रहरुसँग सहकार्य गरि कार्यक्रम संचालन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

**(ञ) वन, वातावरण तथा विपद् व्यवस्थापनसम्बन्धी नीति**

७३. हरियाली प्रवर्द्धन गर्नको लागि नर्सरी स्थापना गरि सञ्चालनमा ल्याईने छ, नगरपालिका क्षेत्र भित्रका खुला क्षेत्र, सडक किनार, सरकारी तथा गैरसरकारी संघसंस्था, विद्यालय परिसर, नदी किनार ,सार्वजनिक जग्गा, पर्ति तथा नदी उकासका स्थलहरुमा विभिन्न प्रजातिका विरुवाहरु रोपी हरियाली प्रवर्धन गरिने छ । घर नक्सा प्रमाणपत्र प्रदान गर्दा कम्तिमा "एक घर दुई रुख" लाई सूचकका रुपमा राखी अभियानका रुपमा कार्यान्वयन गरिनेछ ।

७४. बाँसगढी नगरपालिका भित्र रहेका नदीको एतिहासिक बहाव क्षेत्र पहिचान गरिनेछ र जल उत्पन्न प्रकोप मुल्यांकन तथा जोखिम सिमाङ्कन (Watershed Modeling flood Modeling and Climate induced disaster risk mapping) गरिनेछ ।ग्याविन तथा बायो ईन्जिनियरिङ विधि द्धारा नदी कटान नियन्त्रण तथा उकास जग्गा संरक्षण गरिनेछ ।

७५. नगरपालिका र सामुदायिक वनको सहकार्यमा सघन वृक्षारोपण **"एक सामुदायिक वन एक फलफुल बगैंचा"** र डालेघाँस उत्पादनको कार्यक्रम लाई प्रोत्साहित गरिनेछ । सामुदायिक वनलाई दिर्घकालिन रुपमा आय आर्जन हुन सक्ने जडीबुटी, काठ, दाउरा, घाँसका लागि बहुमुल्य बोटविरुवाहरु, अम्रिसो, बाँस लगायतका वृक्षारोपणका लागि प्ररित गर्दै लगिनेछ ।

७६. छाडा गाईको व्यवस्थापन गर्न निर्मित गौशाला क्षेत्रमा डालेघाँस रोपी हरियाली प्रबर्द्धन गरिनेछ ।

**(ट) सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति**

७७. सेवा प्रवाहलाई पारदर्शी, मितव्ययी, गुणस्तरणीय एवम् सूचना प्रविधिमैत्री बनाउन क्षमता विकासका विभिन्न तालिमहरु संचालन गरिनेछ । सूचना प्रविधिको प्रयोग बढाउँदै घरबाटै सेवा लिन सक्ने गरी प्रणालीको विकास गर्दै लगिनेछ ।

७८. कर्मचारीको कार्यसम्पादन, कार्यालयमा हुने उपस्थिति, अनुशासन तथा समयपालनालाई कार्यसम्पादन मूल्यांकन सँग जोडी सूचकमा आधारित पुरस्कार र प्रोत्साहन गर्ने नीति लिईनेछ ।

७९. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन बमोजिम प्रदेश लोक सेवा आयोगसँग समन्वय गरि कर्मचारी पदपूर्ति र व्यवस्थापन मिलाइनेछ ।

८०. अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजुको समयमै फस्योंट गर्न आन्तरिक नियन्त्रण प्रणाली विकास गरिनेछ भने क्रमश बेरुजुको आकार घटाउँदै लगिनेछ ।

८१. सुशासन तथा दिगो विकासलाई आत्मसात गर्दै यस कार्यालय र यस अन्तर्गतका कार्यालयबाट हुने सेवाप्रवाहलाई छिटोछरितो र पारदर्शी बनाइनेछ ।

**(ठ) राजश्व तथा वित्त व्यवस्था सम्बन्धी नीति**

८२. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग गर्दै नगरपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरु निर्धारण गरिनेछ ।

८३. अपाङ्गता भएका व्यक्तिहरु र महिलाहरुलाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता करमा ५० प्रतिशत छुट दिइनेछ ।

८४. नगरपालिका भित्र संचालित तर नगरपालिकामा दर्ता/नविकरण नभएका सवै ब्यवसायहरुलाई विगत बर्षदेखि हुन आउने बक्यौतामा छुटको ब्यवस्था गरि यस नगरपालिकामा ब्यवसाय संचालन गरेका सम्पुर्ण ब्यवसायिहरुलाई करको दायरामा ल्याइनेछ ।

८५. राजश्व प्रशासनको प्रभावकारिताको लागि राजश्व सुधार कार्ययोजना, आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागु गर्नुका साथै राजश्व संकलनमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागी तालिमको ब्यवस्था गरिनेछ ।

८६. सार्वजनिक जग्गाको संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि बनाई नगरपालिका भित्र रहेका सार्वजनिक जग्गा, भवन, पोखरी, पिक्निक स्पोर्ट आदिको लगत संकलन गरि करको दायरामा ल्याइनेछ ।

८७. **"सभ्य नागरिकको दायित्व, समयमै तिरौ कर व्यवसायको"** भन्ने मान्यताका साथ प्रत्येक बर्ष सबै वडामा करसम्बन्धी जनचेतना अभिवृद्धि गर्न करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर संकलन सप्ताह अभियानका रुपमा संचालन गरी नगर भित्रका व्यवसायीमा कर तिर्न र विकासमा सहभागी हुन प्रोत्साहित गरिनेछ ।

८८. उत्कृष्ट करदाताहरुको छनौट गरी सम्मान गर्ने नीति लिइनेछ ।

**(ड) सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति**

८९. हाल नगरपालिकाले सन्चालन गरेको डिजिटल बाँसगढी र मोबाइल एप अपग्रेड गरी सबै सेवाहरु Home Delivery मार्फत गरिने ब्यबस्था मिलाउदै लगिनेछ ।

९०. सबै वडा कार्यालयहरुमा सेवाग्राही आफैले सेवा लिन मिल्ने र सोहि स्थानबाट नै नगरको सूचना तथा समाचार प्राप्त गर्न **डिजिटल नागरिक बडापत्र**को व्यवस्था गरिनेछ ।

९१. नगरपालिकाका हरेक क्रियाकलापहरुलाई क्रमश: डिजिटल प्रणालीयुक्त बनाउँदै लगिनेछ । नगरपालिकाको कार्यालयसहित वडा कार्यालय, विद्यालयहरु, स्वास्थ्य संस्थाहरु, कृषि तथा पशु सेवा केन्द्रहरुमा विद्युतीय हाजिरी, लगबुक राख्ने र आन्तरिक नियन्त्रण र सञ्चार प्रणालीलाई विद्युतीय माध्यमबाट व्यवस्थित गरिनेछ ।

९२. नगरपालिकाबाट प्रवाह गरिने सेवामा सर्वसाधारणको पहुँच वृद्धि गर्न कार्यालय परिसर र बिभिन्न सार्वजनिक स्थलहरुमा गरिएको फ्री वाईफाईको क्षमता विस्तार र थप स्थलहरुमा समेत यस्तो व्यवस्था मिलाइनेछ ।

९३. नगरपालिकाबाट गरिने हरेक भुक्तानी कारोबारलाई **ई-पेमेन्ट** अनुसार गरिनेछ ।

**(ढ) रोजगारी, स्वरोजगारी र वैदेशिक रोजगारी सम्बन्धी नीति**

९४. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परामर्श प्रदान गरिनेछ । वैदेशिक रोजगारीमा गएका नगरबासी र सोको परिवारको वास्तविक तथ्याङ्क तयार गरी सो परिवारलाई सामाजिक परिचालन तथा उद्धमशीलता प्रवर्धन लगायतमा जोड दिइनेछ ।

९५. रोजगार सम्बन्धी सूचना संकलन, समन्वय, रोजगार सिर्जना तथा उपलब्ध रोजगारीमा बेरोजगार व्यक्तिहरुको पदस्थापन गरिनेछ।

९६. युवा रोजगारीका लागी रुपान्तरण पहल परियोजना (आई.डि.ए.) तथा प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) को बजेट श्रोतका आधारमा सूचिकृत बेरोजगार

व्यक्तिहरुलाई प्रथामिकिकरण अनुसार कामका लागी पारिश्रमिकमा आधारित आयोजना संचालन गरि अधिकतम रोजगारीमा संलग्न गराईनेछ ।

९७. बेरोजगार व्यक्तिहरुका लागी सिपमूलक तथा क्षमता विकास क्रियाकलापको संयोजन तथा संचालन गरिनेछ ।

९८. स्थानिय तहमा रहेका सिप विकास, उद्धमशिलता र रोजगारीको तथ्याङ्क संकलन र विश्लेषण गरी अवसरको पहिचान गरिनेछ ।

९९. स्थानिय तहमा रहेका वेरोजगार युवाहरु लाई उत्पादन तथा विकास निर्माण सँग जोडेर रोजगार तथा स्वरोजगार बनाई स्थानिय तहको सामाजिक र आर्थिक उन्नतीमा सहयोग पुग्ने खालका कार्यक्रमको संचालन गरिनेछ ।

१००. स्थानिय तहको माग र आवश्यकता अनुसार एकिकृत श्रम तथा रोजगार सेवा संचालनका लागी स्थानिय तहको रोजगार रणनिती तर्जुमा र कार्यन्वयन गरिनेछ ।

१०१. रोजगारीको हकको प्रभावकारी कार्यान्वयन, स्थानिय तहमा उपलव्ध हुने रोजगारको अवसरको पहिचान, समस्याको निदान र रोजगारको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न रोजगार सम्बाद मञ्चको तर्जुमा तथा संचालन गरिनेछ ।

१०२. वैदेशिक रोजगार लाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परामर्श प्रदान गरिनेछ ।

१०३. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता प्राप्तीका लागी सहजिकरण गरिनेछ ।

१०४. श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम संचालन गरिनेछ जसले गर्दा आम जनमानसमा रहेको श्रम र श्रमिक प्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन आई काम गर्ने उचित वातावरणको सिर्जना हुनेछ ।

## (ण) धर्म, कला, संस्कृति र पर्यटन प्रवर्द्धनसम्बन्धी नीति

१०५. बाँसगढि नगरपालिकामा रहेको पर्यटनको प्रचुर संभावनालाई दिगो उपयोग गरी नगरको आम्दानीको स्रोतका रुपमा विकास गर्न पर्यटन गरुयोजना निर्माण गरी लागू गरिनेछ ।

१०६. बाँसगढिको भाषा, साहित्य, कला, सिर्जनाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।

१०७. बाँसगढी नगर भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको जिर्णोद्धार, संरक्षण, सम्वर्द्धन, प्रबर्द्धन र प्रचार प्रसार गर्दै लगिनेछ ।

१०८. च्यामा सिमसार क्षेत्र, मदन आश्रित ताल, बेलौरी सिमसार क्षेत्र, बबई भ्याली, केदारेश्वरधाम, वड्की भवानी मन्दिर, डेउढाकला शिव मन्दिर, विशेश्वर/गुसेश्वर महादेव

मन्दिर लगायतका स्थानहरुलाई पर्यटकको आकर्षणको केन्द्रका रुपमा विकास गर्ने नीति लिइनेछ ।

१०९. नगर क्षेत्रभित्रका वन्यजन्तु, वातावरण, प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै पदयात्रा, साइक्लिङ र हाइकिङ मार्गहरुको पहिचान, निर्माण र प्रचारप्रसार गरिनेछ ।

**<u>(त) कानून तथा मानव अधिकारसम्बन्धी नीति</u>**

११०. न्यायिक समितिको सक्रियता सँगै सक्षम न्यायसम्पादनका लागि स्थानीय सहभागिता अभिवृद्धिको नीति लिइनेछ । मेलमिलापकर्ताको क्षमता विकास र मेलमिलाप केन्द्रको पुनर्स्थापना गरी गाउँ घरमै अधिकार क्षेत्र भित्रको न्यायिक छिनोफानोको काम अगाडी बढाउने नीति लिइनेछ ।

१११. स्थानीय तहको न्यायिक क्षेत्राधिकारको बारेमा नगरसभा सदस्यहरुलाई अभिमुखिकरण गर्ने र स्थानीय प्रचार प्रसार गरिनेछ ।

११२. कानून र मानव अधिकार प्रतिको संवेदनशीलतालाई आत्मसात गरी पीडितको उद्धार र संरक्षणमा स्थानीय प्रहरी, स्थानीय बासी र नगरपालिकाबीच समन्वय एवम् सहकार्यको नीति लिइनेछ ।

**<u>(थ) भूमि व्यवस्थापन सम्बन्धी नीति</u>**

११३. पालिका भित्रका सम्पूर्ण भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको तथ्याङ्क लिई अनलाइन प्रणालीमा प्रविष्ट गरिसकिएको छ भने यसै आर्थिक वर्षमा निस्सा वितरण कार्य सम्पन्न गरिनेछ ।

११४. भूमिहीन दलित, भूमिहीन सुकुम्बासीका लागि आवश्यक स्थानमा जग्गा उपलब्ध गराउन जग्गा छनौट गरिनेछ भने अव्यवस्थित बसोबासीहरुले जोतभोग गरिरहेको जग्गाको नापजाँच कार्य सम्पन्न गरी डिजिटलाइजेसन गरिनेछ ।

११५. सरकारी तथा सार्वजनिक जग्गाहरुको अतिक्रमण रोक्न र भूमिहीन दलित, सुकुम्बासी, अव्यवस्थित बसोबासीहरुलाई उपलब्ध गराउने जग्गाको उपयुक्तताको सम्बन्धमा नगर तथा वडास्तरीय सहजिकरण समितिको परिचालन गरी अनुगमन तथा मूल्यांकन गरिनेछ ।

**<u>(द) यातायात सम्बन्धी नीति</u>**

११६. बाँसगढी नगरपालिकाभित्र संचालन हुने सम्पूर्ण यातायातका साधनहरुको सुरक्षा जाँचमा ट्राफिक प्रहरीसँग समन्वय गरिनेछ । बसपार्क निर्माण र संचालनको लागि आगामी वर्षभित्र अध्ययन सम्पन्न गरी स्थान छनौट गरिनेछ ।

११७. यस पालिका भित्र संचालित अटो रिक्सा, ई-रिक्साहरुको पूर्ण रुपमा दर्ता गरी चालकहरुका लागि ट्राफिक सचेतनाका कार्यक्रम संचालन गरिनेछ ।

११८. सडक दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने गरी र विभिन्न अपराधिक गतिविधिलाई नियन्त्रणलाई सहयोग पुग्ने गरी बाँसगढी क्षेत्रका सडक चोकहरुमा आवश्यकता अनुसार सि सि क्यामरा जडान गरिनेछ ।

(ध) अन्तरदेशीय तथा अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति

११९. स्वदेशी स्थानीय तहहरु तथा बिदेशी सहरहरुसंग भगिनी सम्बन्ध कायम गरिनेछ ।

१२०. भगिनी सम्बन्ध कायम गरी नगरहरुबिच आपसी सम्बन्ध सुमधुर बनाउन, असल अभ्यास तथा सफल अनुभव आदान प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

बाँसगढी नगरपालिकाको यो नीति तथा कार्यक्रमले विकासका प्राथमिकता र बजेट तर्जुमाका आधार तय गरेको छ । यो नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष रुपमा सहयोग गर्नुहुने बाँसगढी नगरपालिकाका नगर उप-प्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, विभिन्न राजनैतिक दलका नेताहरु, संचारकर्मीहरु र बाँसगढी नगरबासीहरु बाट प्राप्त सुझाव र सहयोगका लागि हृदयदेखी धन्यवाद दिन्छु । यसै गरी यस नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न पनि सबैको साथ सहयोग र विश्वास प्राप्त हुने अपेक्षा गर्दै मेरो सम्बोद्धन यही अन्त गर्दछु ।

**धन्यवाद !**

..................................
खड्क बहादुर खड्का
नगर प्रमुख
वि.सं. २०८१ असार ७ गते